म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक २७७ आइतबार, १० जेठ २०८३ ने. सं. ११४६ अनलाथ्व 24 May 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## शिक्षा क्षेत्र राष्ट्रको भविष्य: मुख्यमन्त्री बानियाँ

हेटौंडा, ९ जेठ/ बागमती प्रदेशका मुख्यमन्त्री ईन्द्रबहादुर बानियाँले शिक्षा क्षेत्र राष्ट्रको भविष्य भएको बताएका छन् । प्याब्सन जिल्ला कार्यसमिति ललितपुरद्वारा आयोजित एसईई परीक्षामा उत्कृष्ट नतिजा हासिल गर्ने विद्यार्थीहरूलाई बधाई, सम्मान तथा पुरस्कार वितरण कार्यक्रममा उनले यस्तो बताएका हुन् । मुख्यमन्त्री बानियाँले उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीहरूलाई बधाई दिए । उनले विद्यार्थीहरूको सफलता मेहनत, अनुशासन र अभिभावक तथा शिक्षकको सहयोगको परिणाम भएको उल्लेख गरे । मुख्यमन्त्री बानियाँले शिक्षालाई जीवन परिवर्तनको आधारका रूपमा लिन आग्रह गरे । साथै, आगामी दिनमा अझ मेहनतका साथ अघि बढ्न विद्यार्थीहरूलाई प्रेरणासमेत दिए । कार्यक्रममा उत्कृष्ट विद्यार्थीहरूलाई सम्मान तथा पुरस्कार वितरण गरिएको थियो । कार्यक्रममा शिक्षक, अभिभावक, विद्यालयका प्रतिनिधि तथा विद्यार्थीहरूको उल्लेखनीय सहभागिता थियो ।

# पानी व्यवस्थापनमा अब्बल हेटौंडा उपमहानगरपालिका

साझाकुरा संवाददाता

हेटौंडा, ९ जेठ/ हिउँदको समयमा पानीको खोजीमा भैतारिनु पर्ने हेटौंडेलीको बाध्यता टरेको छ । पानीको श्रोत कमिका कारण उपमहानगर क्षेत्रमा बासोबास गर्ने बासिन्दाले पानीको खोजीमा घण्टौं यात्रा गर्नुपर्ने बाध्यता टरेको हो ।

पानीको व्यवस्थान गरिरहेको हेटौंडा खानेपानी व्यवस्थापन बोर्डले खानेपानीको सहज आपूर्तिका लागि काम गरिरहेको छ । हेटौंडा उपमहानगरपालिकाको दक्षिण क्षेत्रमा बासोबास गर्ने स्थानीय हिउँदको समयमा पानीको लागि चुरेको खोँचसम्म पुग्नुपर्ने बाध्यता अहिले टरेको छ । केही समयअघिसम्म पानीको जोहोका लागि छिमेकी जिल्ला बारासम्म जानुपर्ने बाध्यता टरेको स्थानीयले बताए ।

पहिला त निकै समस्या व्यहोर्नु पर्थ्यो, बिगत केही वर्षदेखि पानीको लागि गनुपर्ने संघर्ष टरेको हेटौंडा-१५ चेपाङ बस्तिकी माया चेपाङले बताइन् । उनले भनिन् । एक गाग्री पानीका लागि घण्टौं लगाएर मुहान खोज्दै बल्ल तल्ल पानी ल्याउँथ्यौं, पानीका लागि एक बिहान पुरै जान्थ्यो अहिले त्यो समस्या भने टरेको छ ।

पहिले तत्कालीन चुरियामाई गाविसमा बढि मात्रामा खानेपानीको समस्या हुने गरेको थियो । उपमहानगर मातहत रहेको खानेपानी व्यवस्थापन बोर्डले पानीको व्यवस्थापन मिलाएपछि अहिले हेटौंडामा खानेपानीको समस्या हट्दै गएको छ । बोर्डले अहिले हेटौंडा उपमहानगर पालिकाका १२ र १३ नम्बर वडा बाहेक १७ वटा वडामा २९ हजार सातसय नौवटा धारमार्फत् नियमित खानेपानीको व्यवस्थापन मिलाउँदै आएको जनाएको छ । पानीको श्रोतको व्यवस्थापन मिलाउँदै १ मुहान, ४० डिप ट्युवेल र १० वटा समवेलमार्फत् दैनिक तीन करोड ७५ लाख लिटर पानी उत्पादन गर्दै आएको बोर्डले जनाएको छ ।

एक दशक अघिसम्म बिहान बेलुका गरी न्युनतम समय आउँदा हुने हेटौंडाको मुख्य क्षेत्रमा पानीको समस्या रहँदा तत्कालीन खानेपानी संस्थानमा लाग्ने लाईन अहिले कथाजस्तै लाग्ने गरेको छ । बोर्डले अहिले बजार क्षेत्र बाहेकका ठाउँमा दैनिक ८ घण्टा नियमित खानेपानी बितरण गर्दै आएको छ । बोर्डले हेटौंडा उपमहानगरपालिका, बागमती प्रदेश सरकार र संघीय सरकार संगको सहकार्यमा पूर्वाधार विस्तारमा उल्लेखनीय उपलब्धि पाएको छ । अहिले विभिन्न वडाहरुमा पाइपलाइन बिस्तार, पुराना संरचनाको स्तरोन्नति, ट्यांकी निर्माण तथा मुहान संरक्षणको काम निरन्तररुपमा भैरहेको बोर्डका अध्यक्ष प्रताप बिष्टले बताए ।

उनले उपमहानगरले नीतिअनुसार उपमहानगरमा बासोबास गर्ने नागरिकलाई स्वच्छ पानी खुवाउन निरन्तर काम गरिरहेको बताए । पानीको गुणस्तर मापनका लागि ल्यावको व्यवस्थापन मिलाउँदै काम गरिरहेको उनको भनाइ छ ।

## नगरबासीलाई स्वच्छ पानी खुवाउदैछौं: *प्रमुख लामा*



सहजरुपमा खानेपानी खुवाउने काममा उपमहानगर लागि रहेको नगर प्रमुख मिनाकुमारी लामाले बताइन् । खानेपानीकै कारण नागरिकलाई समस्या नहोस् भन्ने उद्देश्यअनुसार धाराबाटै सीधै पिउन मिल्ने गरी खानेपानीको व्यवस्थापन मिलाउन खोजिएको जानकारी दिइन् ।

उपमहानगरले खानेपानीको सुविधाका लागि खानेपानी पाईप बिस्तार, ओभरहेड टंकी निर्माण, उपभोक्ता समितिमार्फत् भएका कामलाई सहयोग गरी पानीको सेवा दिने कामलाई अघि बढाउँदै लगेको जानकारी दिइन् ।

खानेपानीको व्यवस्थापनका लागि उपमहानगरले ठूलो लगानी गरेको उनले बताइन् । पर्याप्त आर्थिक श्रोत नभए पनि विभिन्न निकायसँगको समन्वयमा खानेपानीको पूर्वाधार निर्माण तथा व्यवस्थानको काम गरिरहेको जानकारी दिइन् । अहिलेको जनघनत्वअनुसार खानेपानीको नियमित वितरणको लागि पूर्वाधारको रहेपनि नगरमा थप हुनसक्ने जनघनत्वलाई ध्यान दिएर पूर्वाधार निर्माणको काम भएको नगर प्रमुख लामाले बताइन् ।

उपहानगर क्षेत्रमा बसोवास गरेका नागरिकलाई नि:शुल्क खानेपानी खुवाउने काम गरेका थियौं । गत चैत्रमा भएको जेन्जी आन्दोलनपछि बितरणमुखी काम नगर्न भनिएअनुसार रोकिएको छ । उपमहानगरमा सहलगानीमा खानेपानीको पूर्वाधार निर्माणको काम भइरहेको बताइन् । दीगो ढंगबाट पानीको आपूर्तिलाई व्यवस्थापन मिलाउन बोर्डसँगको सहकार्यमा काम अघि बढाइको जानकारी दिइन् ।

बोर्डले नगरको तीव्र शहरीकरणको बढ्दो मागलाई सम्बोधन गर्दै दीर्घकालीन योजना निर्माण गरी कार्यान्वयन ल्याएको छ । बोर्डले चालु आर्थिक वर्ष २०८२/०८३ को वैशाख मसान्तसम्म पानी महशुल १२ करोड १५ लाख मध्येमा ११ करोड ८७ लाख रुपियाँ संकलन गरिसकेको जनाएको छ । हिउँदको समयमा चुरे क्षेत्रमा पानीको श्रोत सुक्ने भएकाले विषेश गरी तराई प्रदेशका छिमेकी जिल्लाहरु बारा, पर्शामा बढि मात्रामा पानीको समस्या हुने गरेको छ ।

### कपडा उद्योग सञ्चालनप्रति उद्योग मन्त्री यादवको चासो

# मयुरधाप औद्योगिक क्षेत्रको जग्गा विवाद समाधान हुन्छ: मन्त्री यादव

साझाकुरा संवाददाता

हेटौंडा, ९ जेठ/ उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री गौरी कुमारी यादवले हेटौंडा औद्योगिक क्षेत्रको अवलोकन निरीक्षण गरेकी छन् ।

देशकै सबैभन्दा ठूलो औद्योगिक क्षेत्रमध्येको एक हेटौंडा औद्योगिक क्षेत्रको शनिबार निरीक्षण गर्दै मन्त्री यादवले औद्योगिक क्षेत्रको वर्तमान अवस्थाको बारेमा जानकारी लिइन् । औद्योगिक क्षेत्रस्थित उद्योगहरुको निरीक्षणका क्रममा मन्त्री यादवले बन्द अवस्थामा रहेको हेटौंडा कपडा उद्योग लिमिटेडको बारेमा समेत जानकारी लिएकी थिइन् ।

हेटौंडा औद्योगिक क्षेत्रको अवलोकनका लागि आएकी मन्त्री यादवलाई हेटौंडा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय, हेटौंडाका क्षेत्र व्यवस्थापक सङ्गिता कुँवरले औद्योगिक क्षेत्रको अवस्था र समस्याका बारेमा जानकारी गराएकी थिइन् ।

क्षेत्र व्यवस्थापक कुँवरले औद्योगिक क्षेत्रको बस्तु स्थिति र समग्र अवस्थाका बारेमा छलफल भएको भन्दै औद्योगिक क्षेत्रस्थित



हेटौंडा कपडा उद्योगको समेत मन्त्री यादवले अवलोकन गर्नुभएको जानकारी दिइन् ।

'मन्त्री यादवले कपडा उद्योगको चासोपूर्वक अवलोकन गर्नुभयो । हामीले उद्योगको पछिल्लो अवस्थाका बारेमा जानकारी गराएका छौं ।' क्षेत्र व्यवस्थापक कुँवरले भनिन्, 'कपडा उद्योग सञ्चालनको बारेमा पनि छलफल भएको छ, कुँवरले भन्नुभयो, यसका बारेमा सरकारले आवश्यक निर्णय गर्छ नै होला ।

मन्त्री यादवको सचिवालयले कपडा उद्योग पुन: सञ्चालनका तयारीका क्रममा औद्योगिक क्षेत्रको मन्त्री यादवले निरीक्षण गरेको भन्दै निरीक्षणका क्रममा उद्योग सञ्चालनको प्रक्रिया तीव्ररूपमा अगाडि बढाइने विषयमा छलफल गरिएको जनाएको छ । चिनियाँ सरकारको सहयोगमा स्थापना भएको उक्त उद्योग रुग्ण अवस्थामा पुगेको छ । जीर्ण अवस्था पुगेको कपडा उद्योग सरकार परिवर्तनसँगै नीति र कार्यक्रममा उक्त रुग्ण उद्योग पुन: सञ्चालनको सूचीमा पर्ने र चर्चामा आउने गरेको छ ।

कुनै समय नाफा गएर कर्मचारी कामदारलाई बोनस बाँड्ने अवस्थामा पुगेको उक्त उद्योग आन्तरिक समस्या र प्रतिस्पर्धामा टिक्न नसकेर वि.सं. २०५७ साल फागुन १ गतेबाट बन्द भएको थियो । उद्योगमा कार्यरत् सम्पूर्ण कामदार कर्मचारीको दायित्व भुक्तानी गर्दै तत्कालीन सरकारले उद्योग बन्द गर्ने निर्णय गरेको हो ।

खण्डहर अवस्थामा पुगेको सो उद्योग पुन:सञ्चालनका लागि २०८० जेठमा नेपाली सेनाले चासो देखाउँदै सरोकारवालासँग छलफल समेत गरेको थियो । सेनाको टोलीले औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय र उद्योगका तत्कालीन कर्मचारीसँग उद्योगको अवस्था, भौतिक संरचनालगायतका बारेमा जानकारी लिएको थियो ।

उद्योगका पूर्व कर्मचारीहरुले उद्योग मर्मतसम्भार गरेर सञ्चालनमा ल्याउँदा प्रतिस्पर्धामा टिक्न सक्ने अवस्थामा नरहेकोले यथास्थितिमा सञ्चालन नगरी उपकरणहरू पूरै प्रतिस्थापन गर्न सेनाको टोलीलाई सुझाएको थियो । तत्कालीन प्रधानमन्त्री डा. बाबुराम भट्टराईको समयमा आठ करोड रुपियाँभन्दा बढी विनियोजन गरी मर्मतका लागि केही बजेट खर्च गरिएको थियो । तर, उद्योग सञ्चालनमा आउन सकेन ।

*बाँकी पृष्ठ-४....*

## मनहरीमा लैङ्गिक हिंसाविरुद्ध सचेतना बजार अभियान



साझाकुरा संवाददाता


हेटौंडा, ९ जेठ/ एक्सन एड नेपाल र मकवानपुर महिला उत्थान समाजको सहकार्यमा सञ्चालित 'समृद्धि परियोजना' अन्तर्गत् मनहरी गाउँपालिका-९ रजैयामा सामुदायिक अभियान सचेतना बजारको पहिलो श्रृंखला सुरु गरिएको छ ।

'लैङ्गिक हिंसा अन्त्यका लागि सचेतना घुम्ती बजार: हिंसा सहने होइन, अन्त्य गर्ने हो' भन्ने नारासहित घरेलु हिंसा तथा सार्वजनिक स्थानमा हुने यौन दुर्व्यवहारविरुद्ध जनचेतना अभिबृद्धि गर्ने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको हो ।

कार्यक्रममा मनहरी गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीको प्रमुख आतिथ्यता थियो । कार्यक्रममा मनहरी गाउँपालिका-९ का वडा अध्यक्ष राजकुमार श्रेष्ठ तथा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतको उपस्थिति थियो ।

सचेतना बजार कार्यक्रममा माइती नेपाल, हिमराइट्स तथा कोक्याप नेपालको समन्वय रहेको आयोजकले जनाएको छ । कार्यक्रममार्फत् समुदायमा लैङ्गिक हिंसा न्यूनीकरण, महिला अधिकार संरक्षण तथा सुरक्षित सामाजिक वातावरण निर्माणमा सहयोग पुग्ने विश्वास लिइएको छ ।



साझाकुरा

## हाम्रो कुरा

# सुरक्षित पानीको महत्व

पानी बिनाको जीवन सम्भव हुँदैन । पानीले नै जीवनको रक्षा गर्दछ । जन्मपछि ६ महिनासम्म शिशुलाई पानीको आपूर्ति आमाको दूधबाट नै हुन्छ । किनभने, आमाको दूधमा पौष्टिक तत्वबाहेक ८० प्रतिशतभन्दा बढी पानीको मात्रा हुन्छ । बालबालिकालाई ६ महिना पुगेपछि पूरक खाना र पानीको आवश्यकता हुन्छ । ६ महिनापछि पानीको आपूर्ति आमाको दूध, गाई-भैंसीको दूध, दाल आदिबाट हुने गर्दछ । यसको साथै उनीहरूको शरीरलाई आवश्यक पानी पनि पिउन दिनुपर्दछ ।

पानीले शरीरको तापक्रमलाई सन्तुलन राख्न र शरीरको विभिन्न अङ्गहरूलाई सुरक्षित राख्न मद्दत गर्दछ । शरीरका संवेदनशील अङ्गहरू जस्तै: मस्तिष्क, मुटु, फोक्सो, किड्नी, आँखाको सञ्चालनका लागि पनि पानी आवश्यक हुन्छ । बालस्वास्थ्य विज्ञहरूकाअनुसार मौसमअनुसार एकदेखि पाँच वर्षका बालबालिकाले दिनमा ५ देखि ७ गिलास (एकदेखि साढे एक लिटर) पानी पिउनुपर्ने हुन्छ । बिरामी र झाडापखाला लागेमा बढी झोल पदार्थ र पानी पिउन दिनुपर्दछ । बालबालिकालाई सुरक्षित पिउने पानी दिनुपर्छ । पानी नाङ्गो आँखाले हेर्दा सफा भएपनि दूषित हुनसक्छ । यसमा आँखाले नदेखिने हानिकारक जीवाणुहरू हुन सक्छन् । यी जीवाणुले शिशु, बालबालिकालाई छिट्टै र बढी असर गर्दछ । त्यसैले दूषित पानी पिउनु हुँदैन । विशेषगरी धमिलो, गन्ध आउने, रङ भएको पानी बढी दूषित हुन सक्छन् । दूषित पानीमा विषाणु, कीटाणु र परजीवीहरू, रसायन, मलमूत्र आदि मिसिएको हुन्छ । पानी पिउँदा यस्ता जीव र वस्तुहरूसमेत पिइन्छ । यसको असर आन्द्रा, रगत र अन्य अङ्गहरूमा पर्दछ । पानीबाट झाडापखाला, जुका, आउँ, टाइफाइड, जन्डिस, आदि हुन्छ भने हानिकारक र सायन भए दीर्घकालमा छाला, फोक्सो तथा मुत्रासयको क्यान्सर समेत हुन सक्छ ।

पानी शुद्ध हुनु जति आवश्यक छ, यसको प्रयोग पनि सही तरिकाले गर्नुपर्दछ । शिशु र बालबालिकालाई पानी खुवाउँदा, प्रयोग गर्नुअघि मिचिमिची साबुनपानीले हात धुने र खाने पिउने भाँडाकुँडा (कप, गिलास, चम्चा आदि) सफा गर्नुपर्दछ । पानीलाई उमालेर, छानेर, क्लोरिन औषधी हालेर, सोडिस (पानीलाई सफा पारदर्शी प्लाष्टिकको बोतलमा हाली चहकिलो घाममा राखी सौर्य उर्जाद्वारा शुद्धीकरण विधि) गरेर शुद्धीकरण गर्न सकिन्छ । यी विधिहरुमध्ये आफू अनुकूल विधि प्रयोग गरी पानी शुद्धीकरण गरेर पिउने गर्नाले रोग लाग्न सक्ने सम्भावना कम हुन्छ । वर्षात्संगै पानीबाट सर्ने रोगबाट बच्न सबैले ध्यान दिनु जरुरी छ ।

# ‘समय गरिबी’को दुश्चक्र तोड्न सक्षम बजेट बनोस्



✍डा. होमनाथ गैरे

नेपालमा गरिबीको बहस प्राय: आयको सन्दर्भमा सीमित रहने गर्छ । तर वास्तविक जीवनमा नागरिकले भोगिरहेको गहिरो समस्या हो, समय गरिबी । जब नागरिकले आफ्नो बहुमूल्य समय आय आर्जन, नवीन सिर्जना वा उत्पादनमूलक कार्यमा खर्च गर्नुको सट्टा अनावश्यक कागजी प्रक्रिया, कार्यालय धाउनुपर्ने बाध्यता र दोहोरिइरहने प्रमाणीकरणमा खर्च गर्नुपर्छ, त्यो नै समय गरिबी हो । यही समयको अपव्यय नै अन्तत: न्यून आयको पासोमा परिणत हुन्छ । यसरी समय गरिबी र आय गरिबी एकअर्कासँग गहिरो रूपमा गाँसिएका छन् । वा भनौं समय गरिबी आय गरिबीको प्रमुख कारकमध्ये एक हो ।

करिब दुईतिहाइ बहुमत सहितको रास्वपा सरकार अहिले वार्षिक नीति तथा कार्यक्रम सार्वजनिक गरेर आर्थिक वर्ष २०८३/८४ को बजेट ल्याउने तयारीमा रहेको छ । नागरिकको अत्यधिक विश्वास प्राप्त सरकारले सुरुआती समयदेखि नै केही सुधारात्मक कार्यको थालनी गरेको छ । यद्यपि, लामो समयदेखि विकृत र कुशासनले थला परेको प्रणालीमा नतिजा प्राप्त गर्न सहज भने देखिएको छैन । हाम्रो सार्वजनिक प्रणालीमा रहेको सबैभन्दा ठूलो विरोधाभास सूचना भएर पनि प्रयोग गर्न नसक्नु हो । यसैबाट शुरु हुन्छ समय गरिबीको दुश्चक्र । यो आलेख आर्थिक सूचकांक वा अङ्कभन्दा त्यही समय गरिबीको दुश्चक्रको वरिपरि रहेर यसलाई तोड्न आवश्यक केही नीतिगत र कार्यान्वयन तहका विषयमा केन्द्रित छ ।

राज्य सञ्चालन प्रणालीमा नागरिकको विस्तृत विवरण थन्किएको छ । नागरिकता, राष्ट्रिय परिचयपत्र, आँखाको रेटिना सहितको बायोमेट्रिक सूचना पनि छन् । तर एउटा निकायले सङ्कलन गरेको सूचना अर्को निकायले प्रयोग गर्दैन । हालैको निर्वाचन व्यवस्थापनमा देखिएको एक उदाहरणले यसलाई प्रष्ट्याउँछ । जब राष्ट्रिय परिचयपत्रमा रहेको बायोमेट्रिक विवरण प्रयोग गरियो, एक हप्तामै लाखौं मतदाता थप्न सम्भव भयो । तर त्यही काम नागरिकलाई कार्यालयमा बोलाएर गर्नुपर्दा एक महिना लाग्यो । यसले समस्या प्रविधिको अभाव नभई प्रयोगको इच्छाशक्ति र प्रणालीगत समन्वयको कमीमा रहेको देखाउँछ ।

यस्तै कारणले दैनिक जीवनमा नागरिक्ले कैयौं समस्या भोगिरहेका छन् । जिल्ला प्रशासन कार्यालयमा दिएको फोटो र औंठाछाप राहदानी बनाउन काम लाग्दैन । हरेक सरकारी कार्यालयमा प्रत्येक सानो कामका लागि नागरिकता, फोटो र बायोमेट्रिक पेश गर्नुपर्छ । मालपोत, यातायात र राजस्व कार्यालयमा कर तिर्न जाँदा पनि राज्यले आफैंसँग भएको सूचना प्रयोग गर्दैन । यी केवल झन्झट होइनन् बरू समयको अपव्यय वा समय गरिबीका स्रोत हुन् ।

समस्या केवल सरकारी क्षेत्रमा सीमित छैन । निजी क्षेत्र प्रविधिमैत्री भएको दाबी गर्छ । तर व्यवहारमा अनलाइन सेवा केवल नाममात्रको हुन्छ । खाता खोल्न वा ऋण लिन बैंकको अनलाइन फारम भरे पनि अन्तत: शाखामा गएर कागज र फोटो बुझाउन तथा औंठाछाप लगाउनै पर्छ । नियमनको नाममा यस्तो प्रक्रिया पटकैपिच्छे दोहोऱ्याइन्छ, जसले नागरिकको समय मात्र होइन, समग्र प्रणालीप्रतिको विश्वास घटाइरहेको छ । त्यसैको प्रमाण हो २०८२ भदौ २३ र २४ को जेन-जी विद्रोह । अझ विडम्बना, डिजिटल कारोबार प्रवर्धन गर्ने नीति लिइँदा पनि प्रत्येक डिजिटल भुक्तानीमा चर्को शुल्क लगाइन्छ, जसले प्रविधि प्रयोगलाई निरुत्साहित त गर्छ नै, सेवाग्राहीलाई समय गरिबीको दुश्चक्रमा धकेल्छ ।

यस्तो समय गरिबीले सीधै नागरिकको आय आर्जन क्षमतामा नकारात्मक प्रभाव पार्छ । जब एक नागरिकले दिनको केही घण्टा यस्ता अनुत्पादक काममा खर्च गर्छ, त्यो समय थप आयआर्जन गर्न, सीप विकास गर्न वा व्यवसाय विस्तार गर्न प्रयोग गर्न सक्दैन । यसलाई अर्थशास्त्रमा अवसर लागत भनिन्छ, र नेपाल जस्तो देशमा यो लागत अत्यन्त उच्च छ । विशेषगरी दैनिक ज्यालादारी गर्ने वा साना व्यवसायीका लागि एक दिनको समय गुमाउनु भनेको प्रत्यक्ष आम्दानी गुमाउनु हो । त्यो समयको क्षति आयको क्षतिमा रूपान्तरण हुन्छ र आय गरिबी थप गहन बन्छ र आयको असमानता पनि बढ्छ । शहरी क्षेत्रमा बस्ने, डिजिटल पहुँच भएका वा सूचनाप्रविधिको सिस्टम बुझ्ने मानिसहरूले केही हदसम्म समय बचाउन सक्छन् । तर ग्रामीण क्षेत्रका नागरिक, वृद्ध वा डिजिटल साक्षरता नभएका व्यक्तिहरू अझ बढी समय खर्च गर्न बाध्य हुन्छन् । यसले समाजमा अवसरको असमान वितरणलाई अझ गहिरो बनाउँछ । नेपालमा समय गरिबी सिर्जना गर्ने यी कारणहरू सतहमा सामान्य प्रशासनिक समस्या जस्तो देखिए पनि, वास्तवमा यी गहिरो संरचनागत कमजोरीका संकेत हुन् । प्रत्येक पक्षलाई अलि विस्तृत रूपमा हेर्दा समस्या अझ स्पष्ट हुन्छ ।

### डेटा एकीकरणको अभाव

सरकारले नागरिकका विभिन्न विवरण डिजिटल रूपमा सङ्कलन गरेको छ जस्तै- नागरिकता, राष्ट्रिय परिचयपत्र, कर विवरण, सामाजिक सुरक्षा अभिलेख आदि । तर, यी सूचना छुट्टाछुट्टै छरिएका छन् । एउटा निकायले सङ्कलन गरेको प्रमाणित विवरण अर्को निकायले प्रयोग नगर्ने प्रवृत्तिले नागरिकलाई एउटै कागजात बारम्बार पेश गर्न बाध्य पार्छ । यसको कारण प्राविधिक मात्र होइन संस्थागत अविश्वास, कानूनी अस्पष्टता र डेटा साझेदारी सम्बन्धी स्पष्ट नीति अभाव पनि हो । नतिजा, राज्यसँग पर्याप्त सूचना हुँदाहुँदै पनि सेवा प्रवाह ढिलो र झन्झटिलो मात्र हुँदैन समय गरिबीको कारक बन्छ ।

### बहु प्रमाणीकरण

नेपालको प्रशासनतन्त्रमा ‘एक पटक प्रमाणित भए पुग्ने’ भन्दा ‘हरेक पटक प्रमाणित गर्नुपर्ने’ सोच हावी छ । नागरिकले आफ्नो परिचय एकपटक प्रमाणित गरिसके पनि अर्को सेवा लिन जाँदा फेरि नागरिकता, फोटो, औंठाछाप, हस्ताक्षर आदि चाहिन्छ । यो केवल प्रक्रिया मात्र होइन, समयको ठूलो अपव्यय हो । अझ, एउटै निकायले पनि फरक सेवाका लागि उही कागजात पुन: माग्ने गर्छ । यसले प्रणालीप्रतिको विश्वास कमजोर पार्छ र नागरिकलाई समय गरिबीको दुश्चक्रमा बन्धक बनाउँछ ।

### आंशिक अनलाइन सेवा

नेपालमा धेरै संस्थाहरूले “अनलाइन सेवा” शुरु गरेको दाबी गर्छन्, तर ती सेवाहरू पूर्ण डिजिटल छैनन् । नागरिकले अनलाइन फारम भर्छ, कागजात अपलोड गर्छ, तर सेवा लिन कार्यालयमै पुग्नुपर्ने हुन्छ । यसले अनलाइन प्रक्रियालाई केवल औपचारिक बनाएको छ । यस्तो मिश्रित प्रणालीले समय बचत गर्नुको सट्टा समय गरिबी बढाउँछ, किनकि नागरिकले अनलाइन र भौतिक दुवै प्रक्रिया पूरा गर्नुपर्छ ।

### नियामकीय जडता

प्रविधिको प्रयोगलाई सहज बनाउनुपर्ने नियामक निकायहरू नै धेरैजसो अवस्थामा अवरोध बन्ने गरेका छन् । सुरक्षा चिन्ता र कानूनी जोखिमको नाममा डिजिटल पहिचान, इलेक्ट्रोनिक हस्ताक्षर वा अनलाइन प्रमाणीकरण जस्ता अभ्यासहरूलाई पूर्ण रूपमा मान्यता दिन नसक्दा नियामकहरू परिवर्तनको बाधक बनेको आभास हुन्छ । अत्यधिक सावधानीले नवप्रवर्तनलाई रोक्छ, कागजी प्रक्रियासँग जोडिएको भ्रष्टाचारलाई कायम राख्छ र समय गरिबीलाई मलजल गर्छ ।

### निजी क्षेत्रको दोहोरो चरित्र

निजी क्षेत्र खासगरी सेवा प्रदायक बोलीमा प्रविधिमैत्री छन् । व्यवहारमा भने दोहोरो चरित्र कायमै छ । उनीहरूको डिजिटाइजेशन एक तह (फ्रन्ट-एन्ड) मा मात्र सीमित छ जस्तै: अनलाइन फारम वा मोबाइल एप । लुकेका प्रक्रिया (ब्याक-एन्ड) भने अझै कागजी, म्यानुअल र पटकैपिच्छे दोहोरिने खालका भएकोले सेवाग्राही समय गरिबीको शिकार बन्न बाध्य छन् । समग्रमा, यी सबै कारणले नागरिकको दैनिक जीवनमा निरन्तर समयको क्षति गरिरहेका छन् । जब यस्तो समय क्षति लाखौं नागरिकहरूमा जोडिन्छ, त्यसले राष्ट्रिय स्तरमै उत्पादकत्व र आयमा गम्भीर असर पार्छ । यहींबाट समय गरिबी र आय गरिबीको दुश्चक्र शुरू हुन्छ ।

### समाधान के हो त ?

यसको समाधान प्रविधिको उपलब्धता मात्र हैन, यसको रणनीतिक र समन्यायिक प्रयोग र राज्यको इमानदार पहल हो । नवगठित सरकारले मन्त्रिपरिषद्को पहिलो बैठकमा नै यस विषयलाई समावेश गरी समय सीमा सहितको कार्यदिश सम्बन्धित मन्त्रालय तथा निकायहरूलाई दिएको छ । त्यसमा “एक पटक दर्ता, सबै सेवामा प्रयोग” भन्ने सिद्धान्तलाई व्यवहारमा उतार्न राष्ट्रिय परिचयपत्रलाई अनिवार्य एकल आइडीका रूपमा केन्द्रमा राखेर एकीकृत डिजिटल पहिचान प्रणाली लागू गर्ने संकेत गरिएको छ । समय गरिबीको दुश्चक्र तोड्न नागरिकलाई बारम्बार सरकार सामु आफ्नो परिचय प्रमाणित गर्नुपर्ने बाध्यता हटाउने अवसर छ । यो विषय विगतका नीति तथा कार्यक्रममा पनि समावेश हुँदै आएको हो, तर कार्यान्वयन हुन नसक्दा नतिजा शून्यप्राय: छ । अब आगामी आर्थिक वर्षको बजेटमा देहाय बमोजिमका विषयमा आवश्यक सुधारको शीघ्र कार्यान्वयनका लागि समय गरिबीको दुश्चक्र तोड्ने दिशामा यात्रा तय हुनेछ ।

### नियामकीय समन्वय

सरकारी निकायहरू बीच सूचना आदानप्रदानको व्यवस्था सरकारको सयबुँदे कार्ययोजनामा समावेश छ । तर कार्यान्वयन कसरी हुन्छ र प्रतिफत कस्तो आउँछ अझै समयको गर्भमा छ । एक निकायसँग नागरिकको प्रमाणित विवरण छ भने अर्को निकायले त्यसलाई स्वीकार गर्नुपर्छ । यसका लागि प्राविधिक पूर्वाधार मात्र होइन, नीतिगत स्पष्टता र संस्थागत विश्वास आवश्यक हुन्छ । एक पटक पहिचान भएपछि जहाँ गए पनि सहज सेवा पाइने शासन प्रणाली नै समय गरिबी न्यूनीकरणको प्रमुख औजार हो । नेपाल राष्ट्र बैंक लगायत नियामक निकायहरूको व्यवहारमा परिवर्तन आवश्यक छ । डिजिटल ग्राहक पहिचान र इलेक्ट्रोनिक हस्ताक्षर प्रमाणीकरणलाई पूर्ण मान्यता दिनुपर्छ । त्यसका लागि “नियामकीय सुधार” अभियान सञ्चालन गर्न सकिन्छ ।

### निजी क्षेत्रको कार्यशैली सुधार

निजी क्षेत्र पनि उत्तरदायी बन्नुपर्छ । “अनलाइन सेवा” भनेको पूर्ण डिजिटल हुनुपर्छ, न कि आधा अनलाइन र आधा कागजी । सेवाग्राहीको समयलाई केन्द्रमा राखेर मापदण्ड तय गर्नुपर्छ । रोजगारदाता वा सेवा प्रदायकले कर्मचारीलाई आफ्नो बैंक आफैं छनोट गर्न स्वतन्त्रता दिनुपर्छ, जसले अनावश्यक खाता खोल्ने झन्झट हटाउँछ ।

### नागरिक जागरण

नागरिकले अनावश्यक कार्यालय धाउने र दोहोरिने प्रमाणीकरणमा खर्च हुने समय बचाएर अन्य उपयोगी क्षेत्रमा खर्च गर्न जागरूक हुन आवश्यक छ । एक व्यवसायीका लागि त्यस्तो समय पसल विस्तार, ग्राहकसँग अन्तरक्रिया वा नयाँ उत्पादन विकासमा प्रयोग हुन सक्छ । एक श्रमिकका लागि त्यो समय थप काम गरेर अतिरिक्त आम्दानी गर्ने अवसर बन्न सक्छ । विद्यार्थी वा पेशाकर्मीका लागि नयाँ सीप विकास, अध्ययन वा नवप्रवर्तनमा लगानी हुन सक्छ । यस्ता विषयमा नीतिगत सुधारका साथै नागरिक जागरण अभियान पनि सञ्चालन गर्नुपर्छ ।

### लचक श्रम बजार

जब समय अनुत्पादकबाट उत्पादक कार्यमा सर्छ, श्रमको उत्पादकत्व बढ्छ । श्रम बजारलाई थप लचक बनाएर विभिन्न सिफ्ट र अनलाइन वा घरबाट काम गर्न सक्ने प्रणाली प्रवर्धन गरे एउटै व्यक्तिले पहिलेभन्दा बढी मूल्य सिर्जना गर्न सक्छ । एक उद्यमीले सरकारी प्रक्रिया पूरा गर्नबाट बचेको हप्ताको दुई दिन व्यवसायमा केन्द्रित गर्दा उत्पादन, बिक्री र नाफा बढ्छ । यही प्रक्रिया समग्र अर्थतन्त्रमा दोहोरिंदा व्यक्तिगत तथा राष्ट्रिय आयमा वृद्धि हुन्छ ।

### पारदर्शिता र भ्रष्टाचार न्यूनीकरण

एकीकृत डिजिटल प्रणालीले मानव हस्तक्षेप घटाएर निर्णय प्रक्रियालाई स्पष्ट र ट्र्याक गर्न मिल्ने बनाउँछ । जहाँ सेवा लिन “कसलाई भेट्ने” वा “फाइल कहाँ अड्किएको छ” भन्ने अनिश्चितता हट्छ, त्यहाँ भ्रष्टाचारको सम्भावना पनि घट्छ । प्रत्येक चरण डिजिटल रूपमा अभिलेखीकरण हुँदा कर्मचारी जिम्मेवार बन्छन्, सेवाग्राहीको विश्वास बढ्छ र पारदर्शिता मजबुत बन्छ ।

### राजस्व प्रशासन सुधार

सरकारी र निजी क्षेत्र दुवैमा डिजिटल सेवा सहज र भरपर्दो हुँदा नागरिक तथा व्यवसायहरू डिजिटल प्लेटफर्मतर्फ आकर्षित हुन्छन् । डिजिटल भुक्तानी, अनलाइन व्यापार र ई-कमर्स सेवा विस्तार हुँदा नयाँ व्यवसाय, स्टार्टअप र रोजगारीका अवसर बढ्छन् । डिजिटल कारोबारको अभिलेख हुने भएकाले औपचारिक आर्थिक गतिविधि विस्तार हुन्छ र कर आधार सुदृढ बन्छ ।

### अन्तिम लक्ष्य दिगो विकास

यी सबै प्रयासको संयुक्त प्रतिफल आय गरिबी न्यूनीकरण र दिगो तथा समावेशी विकास हो । जब नागरिकसँग बढी समय हुन्छ, थप आय सिर्जना हुन्छ जब उत्पादन बढ्छ, रोजगारी थपिन्छ जब पारदर्शिता बढ्छ, भ्रष्टाचार घट्छ र गरिबीको दुश्चक्र तोड्न सहज हुन्छ । समयको बचत हुँदा कमजोर वर्ग पनि आर्थिक गतिविधिमा सक्रिय हुन पाउँछन् र समावेशी विकास हासिल हुन्छ ।

समय बचत केवल सुविधा होइन, आर्थिक रूपान्तरणको आधार हो । अपेक्षित परिणामहरू केवल सैद्धान्तिक होइनन् व्यवहारमा देखिने ठोस आर्थिक र सामाजिक परिवर्तनका आधार हुन् । नयाँ बजेटले सुशासन, आर्थिक समृद्धि र गरिबी न्यूनीकरणमा जोड दिंदा समय गरिबीको निवारण पनि आर्थिक रूपान्तरणको केन्द्रीय एजेन्डा हुनुपर्छ । वर्तमान सरकारले अघि सारेका सबै सुधारहरू लागू गर्न सकियो भने यसको प्रभाव केवल समय बचतमा सीमित रहने छैन । यसले श्रमको उत्पादकत्व बढाउनेछ, नागरिकको आय वृद्धि गर्नेछ र अन्तत: देशको समष्टिगत अर्थतन्त्रमा सकारात्मक योगदान पुऱ्याउनेछ । अझ महत्त्वपूर्ण कुरा, यसले नागरिक र राज्य बीचको विश्वासलाई पुनर्स्थापित गर्नेछ । समय नै सबैभन्दा बहुमूल्य स्रोत हो राज्यले बुझ्नेन र नागरिकको समयलाई सम्मान गर्न सकेन भने आर्थिक समृद्धिको सपना अधुरो नै रहनेछ । यदि समयको अपव्यय रोकेर उत्पादक कार्यमा स्थानान्तरण गर्न सकियो त्यही समय नै समृद्धिको सबैभन्दा ठूलो आधार बन्नेछ ।

*(साभार: अनलाइनखबर)*

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८३ जेठ ११ गते सोमबार २३ मे २०२६ । सप्तमी, जेठ शुक्लपक्ष । अनलाथ्व ११४६ ने.सं. । सूर्योदय ५:१२ सूर्यास्त ६:५०।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : विवाद बढ्न सक्नेछ | **तुला** | : शुभ समाचार सुन्न पाइनेछ |
| **वृष** | : उत्साह कम हुनेछ | **वृश्चिक** | : मान सम्मान पाउन सकिनेछ |
| **मिथुन** | : कार्य-सिद्धिबाट सुख मिल्नेछ | **धनु** | : मन खिन्न हुन सक्नेछ |
| **कर्कट** | : उदर-विकार हुन सक्नेछ | **मकर** | : व्यापार व्यवसायबाट लाभ हुनेछ |
| **सिंह** | : परिवारमा उन्नति हुनेछ | **कुम्भ** | : राजनीतिमा सफलता मिल्नेछ |
| **कन्या** | : काममा रोकावट आउन सक्नेछ | **मीन** | : काममा विलम्ब हुनेछ |

# मानव जीवन अमूल्य छ

✍डा. प्रेम रावत

‘मानव जीवन अमूल्य छ, यसलाई माटोमा नमिसाउनुहोस् है ।अहिले त पाइएको छ, फेरि कहिल्यै पाइँदैन, कहिल्यै पनि पाइँदैन ।’ यसको अर्थ के हो ? मेरा लागि, तपाईंका लागि, जो जीवित हुनुहुन्छ ! यसको अर्थ के हो भने, तपाईंका लागि प्राप्त भएको यो समय अनमोल छ । 'अनमोल' भन्नुको अर्थ यसको मूल्य नै तोक्न सकिँदैन । यदि तपाईं त्यस्तो अनमोल वस्तु खर्च गरेर पैसाको मूल्य तोक्न सकिने कुनै चिज किन्दै हुनुहुन्छ भने तपाईंलाई के भनिन्छ होला ? मानौं तपाईं तरकारी किन्न पसलमा जानुहुन्छ । दुईवटा भन्टाका लागि ठूलो हीरा दिनुहुन्छ । त्यो हीराको बदलामा भन्टा माग्नुहुन्छ । त्यो हीरा साँचो हो भन्ने कुरा थाहा भएपछि त्यस व्यक्तिले तपाईंलाई के भन्ला ? ‘कति मूर्ख मानिस रहेछ !’ यस्तो व्यवहार गर्नुभएपछि त तपाईंले आफूलाई नै मूर्ख भन्नुपर्छ । कुरा त ठीक हो नि ! यद्यपि तपाईंले आफूलाई त निकै बुद्धिमान् ठान्नुहुन्छ । हरेक प्रश्नको उत्तर तपाईंसँगै छ भनेर तपाईंलाई लाग्छ ।

तर कहिल्यै आफूलाई सोध्नुहुन्न, ‘म के गरिरहेको छु ? मलाई प्राप्त यो अमूल्य अवसर, मलाई प्राप्त यो जीवनलाई म कसरी खर्च गरि रहेको छु ?’ आज मानिसको क्रोध असाध्यै बढेको छ । स-साना कुरामा पनि मानिसहरू कति छिटो रिसाउँछन् । कसैले यहाँ कार राखिदियो, कसैले त्यहाँ राख्यो, कसैले अनावश्यक रूपले हर्न बजायो भने तुरुन्तै रिस उठिहाल्छ । के तपाईं यस पृथ्वीमा रिसाउनकै लागि जन्मिनुभएको हो ? किन ? संसारमा चोरी बढ्दै छ, घटिरहेको छैन । रिस बढिरहेको छ, मानिसहरू युद्ध गरिरहेका छन् । ‘शान्ति, शान्ति’ भन्नेहरूले शान्तिका कुरा पनि गरिरहेकै छन् तर त्यसबाट केही पनि हुँदैन ।

यदि ‘शान्ति, शान्ति’ भनेरै शान्ति हुन्थ्यो भने त ‘पैसा, पैसा’ भन्नेले कहिल्यै गरिब हुनुपर्ने थिएन । तर, सबैभन्दा मूल प्रश्न नै हामीले ‘म को हुँ ?’ भन्ने कुरै बिर्सन्छौं । एउटा उदाहरण दिन चाहन्छु । कहिलेकाहीं मानिसको टाउकोमा चोट लागेपछि उनीहरूले आफू को हो, नाम के हो, परिवार को हो भन्ने कुरा बिर्सन्छन् । सबै कुरा बिर्सन्छन् । कोमाबाट ब्युँझेपछि स्मृति हराउँछ । त्यसपछि उनीहरू आफ्नो घर देख्छन् तर यो आफ्नै हो भनेर चिन्दैनन् । श्रीमतीलाई देख्छन् तर चिन्दैनन् । छोरालाई देख्छन् तर यो मेरो आफ्नै छोरो हो भनेर चिन्दैनन् । नातेदारहरूलाई पनि चिन्दैनन् । स्मरण नै हरायो भनेर कसरी थाहा पाउने ? किनभने, जसलाई चिन्नुपर्ने हो उसैलाई चिन्न सकेको छैन । त्योभन्दा पनि ठूलो कुरा त के हो भने, उनले आफैंलाई समेत चिन्दैनन् । नाम के हो, कहाँ बस्छन् ? केही पनि थाहा हुँदैन । स्मरणशक्ति नै गुमेको हुन्छ ।

यसरी नै हामीले पनि हाम्रा लागि कस्तो कानुन छ भनेर बिर्सेका छौं । तीनवटा नियम छन्- पहिलो, तपाईं जन्मनुभयो । दोस्रो, तपाईं जीवित हुनुहुन्छ । तेस्रो, एकदिन तपाई जानुहुनेछ । तपाईंको पहिचान केवल यही हो । तपाईं कति छिटो निराश हुनुहुन्छ ? तपाईं कति छिटो रिसाउनुहुन्छ ? कति छिटो तपाईं आफ्नो कर्मलाई दोष दिनुहुन्छ ? बुझ्ने क्षमतालाई तपाईं कुनरूपमा प्रयोग गर्दै हुनुहुन्छ ? किनभने, जुन दृष्टिले तपाईंले हेर्नुपर्ने हो तपाईं त्यो दृष्टिले हेर्नै जान्नुहुन्न । वास्तवमा तपाईंले तपाईं को हुनुहुन्छ भन्ने कुरै बिर्सनुभएको छ । तपाईं आफूले आफूलाई नै चिन्नुहुन्न भने ती सृष्टिकर्तालाई कसरी चिन्न सक्नुहुन्छ ? त्यो शक्तिलाई कसरी पहिचान गर्न सक्नुहुन्छ ?

जहाँ प्रेम हुँदैन, त्यहाँ कुनै सम्बन्ध हुँदैन । यदि प्रेम नै छैन भने श्रीमान्-श्रीमतीबीचको सम्बन्ध पनि हुँदैन । प्रेम छैन भने आमा-बुबाबीचको सम्बन्ध पनि हुँदैन । प्रेम छैन भने दाजु-बहिनीबीचको सम्बन्ध पनि हुँदैन । यस विपरीत प्रेम छ भने त्यहाँ कुनै सम्बन्ध नभए पनि सम्बन्ध हुन्छ । प्रेम एउटा गजबको कुरा हो । कुनै सम्बन्ध छैन भने पनि प्रेम भएपछि सबै कुरा हुन्छ । यसकारण तपाईं को हुनुहुन्छ अनि तपाईंभित्रको सम्भावना के छ भन्ने कुरा बुझ्नु आवश्यक छ । त्यस आनन्दबाट तपाईं आफ्नो जीवनलाई भरिपूर्ण तुल्याउन सक्नुहुन्छ । त्यो आनन्दको कुनै सीमा नै हुँदैन । दु:खको सीमा हुन्छ तर सुखको अनुभवको कुनै सीमा नै हुँदैन ।

यस संसारमा दुई किसिमका मानिस हुन्छन् । अन्तिम क्षणमा कि त ‘मैले अझै केही गर्न बाँकी छ’ भन्ने चिन्ता हुन्छ कि जीवनमा आनन्दै आनन्द भयो । तपाईं (सृष्टिकर्ता) लाई धेरै-धेरै धन्यवाद ! किनभने तपाईंले यो अवसर दिनुभयो, यो जीवन दिनुभयो भन्ने लाग्छ । जो व्यक्तिले आफ्नो जीवनमा त्यस चिजको अनुभव गरेको हुन्छ, त्यो आनन्दको अनुभव गरेको हुन्छ उसका लागि त सदैव आनन्द नै आनन्द हुन्छ । यो संसारमा बुझ्नुपर्ने र जान्नुपर्ने कुराहरू धेरै छन् । तथापि, सबैभन्दा ठूलो कुरा के हो भने, जति पनि कुराहरू हामी सुन्छौं अनि बुझ्छौं- तिनलाई हामी व्यवहारमा पनि ल्याउन सक्छौं कि सक्दैनौं ! किनभने, यदि कतै नदी बगिरहेको छ, फल लागिरहेको छ, त्यसलाई उपभोग गर्ने र त्यसको आनन्द लिने मानिस छैन भने यसको अर्थ हो- कतै न कतै त्यस्ता मानिस पनि बसेका होलान् जहाँ नदी नहोला, पानी नहुँदो हो । जहाँ फलफूल पनि नहुन सक्छ । किनभने, हामी आफ्नो जीवनमा यसरी नै हामीलाई आवश्यक पर्ने चिजहरूबाट टाढिन्छौं, चाहनाबाट होइन । जसरी हामीलाई पानीको आवश्यकता पर्छ । हामीलाई हावाको आवश्यकता पर्छ । खाना हाम्रो लागि आवश्यक हुन्छ । हामीलाई सुत्नुपर्ने आवश्यकता रहन्छ । तातोपनको हामीलाई आवश्यकता रहन्छ । धेरै जाडो पनि होइन अनि धेरै गर्मी पनि होइन । तर, के हामी कहिल्यै सोच्छौं- शान्ति पनि हाम्रो आवश्यकता हो । हाम्रो हृदय आनन्दले भरियोस्, यो पनि हाम्रै आवश्यकता हो । चाहना होइन, आवश्यकता हो । किनभने, यसको अभावमा पूरै जीवन अधुरो रहन्छ । यस्तो लाग्छ- बाँचिरहेका छौं तर किन बाँचिरहेका छौं, यही कुरा नै थाहा हुँदैन । हामीसँग आफूले आफूलाई चिन्ने ज्ञान हुनुपर्छ । जुन चिज हामीभित्र छ, त्यस चिजलाई चिन्ने ज्ञान हुनुपर्छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# मकवानपुरको बाघझोरा खोलामा अण्डरपास निर्माण प्रक्रिया अघि बढ्दै

## १० करोड बजेट विनियोजन



साझाकुरा संवाददाता

हेटौंडा, ९ जेठ/ बागमती प्रदेशको राजधानी हेटौंडा र संघीय राजधानी काठमाडौंलाई जोड्ने त्रिभुवन राजपथ अन्तर्गत् भीमफेदी गाउँपालिका-१ स्थित बाघझोरा खोलामा अण्डरपास निर्माणको प्रक्रिया अघि बढाइएको छ ।

परियोजनाको कार्यान्वयन तयारी स्वरूप भौतिक पूर्वाधार मन्त्रालय अन्तर्गत्का जिम्मेवार अधिकारीहरू तथा प्राविधिक टोलीले निर्माण स्थलको स्थलगत अध्ययन तथा निरीक्षण गरेका छन् । वर्षायाममा बाघझोरा क्षेत्रमा हुने सडक अवरोध तथा सवारी जामको समस्या समाधान गर्ने उद्देश्यसहित अण्डरपास निर्माण योजना अघि बढाइएको जनाइएको छ । परियोजनाका लागि १० करोड रुपैयाँ बजेट विनियोजन गरिएको छ भने अब छिट्टै नै टेण्डर प्रक्रिया अगाडि बढाइने तयारी गरिएको सम्बन्धित पक्षले जनाएको छ ।

मकवानपुर क्षेत्र नम्बर-२ का निवर्तमान सांसद् महेशकुमार बर्तौलाले अण्डरपास निर्माण सम्पन्न भएपछि सामान्य वर्षात्का समयमासमेत घण्टौँसम्म हुने सवारी जाम र यात्रुले भोग्दै आएको सडक सुरक्षासम्बन्धी चुनौती अन्त्य हुने विश्वास व्यक्त गरेका छन् ।

उनले भने, 'बाघझोरा क्षेत्रमा वर्षायाममा पटक-पटक सडक अवरुद्ध हुँदा मकवानपुरसहित यस मार्ग प्रयोग गर्ने हजारौं यात्रुले सास्ती भोग्दै आएका छन् । अण्डर पास निर्माणपछि हेटौँडा-काठमाडौं यात्रा अझ सहज, भरपर्दो र सुरक्षित बन्नेछ ।'

उनका अनुसार यस योजनाले सडक अवरोध न्यूनीकरण गर्नुका साथै जनजीवन, यातायात व्यवस्थापन तथा आर्थिक गतिविधिमा समेत सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ ।

निवर्तमान सांसद् बर्तौलाले योजनालाई अघि बढाउन प्रभावकारी समन्वय र सक्रिय पहल गर्ने मन्त्रालय अन्तर्गतका अधिकारीहरू, प्राविधिक टोली तथा सम्बन्धित निकायप्रति धन्यवाद तथा आभार व्यक्त गरेका छन् ।

'जनताको अपेक्षा अनुसार निर्माण कार्य बिनाअवरोध छिट्टै प्रारम्भ भई समयमै सम्पन्न हुनेछ भन्ने विश्वास लिएको छु,' उनले बताएका छन् ।

# रानी वनमा बढ्दै अवलोकनकर्ता

साझाकुरा संवाददाता

हेटौंडा, ९ जेठ/ हेटौंडा-६ चौघडामा रहेको रानी सामुदायिक वन उपभोक्ता समूहमा अवलोकन गर्ने बढ्दै गएका छन् । उक्त समूहको शनिबार गोरखा जिल्ला गोरखा नगरपालिका-७ मा रहेको ठूलो सामुदायिक वनका पदाधिकारी, जनप्रतिनिधि र उपभोक्ता सम्मिलित भ्रमण दलका सदस्यहरुले अवलोकन गरेका छन् ।

समूहले भ्रमणमा आउने अवलोकनकर्ताहरुलाई सामुदायिक वनको संरक्षण विधि, वन ब्यवस्थापन, सदुपयोग, उपभोक्ता परिचालित, पर्यापर्यटन, आयआर्जन, संस्थागत विकास, सामाजिक कार्य, स्वास्थ्य, शिक्षा, विपन्न वर्ग लक्षित कार्य, वृक्षरोपण, सालक संरक्षण, कार्यालय ब्यवस्थापनलगायत विषयहरुमा जानकारी गराउने गरेको छ ।

कार्यक्रममा समूहका अध्यक्ष केशव धिताल, कोषाध्यक्ष गोमा लामिछाने, सदस्य पूर्णभद्र चौलागाई, लेखा संयोजक राजकुमार फुयाँल, कार्यालय सचिव भीमसेन पौडेललगायतले सहजीकरण गरेका थिए । ठूलो सामुदायिक वनका अध्यक्ष जीवराज थापाको नेतृत्वमा आएको भ्रमण दलमा ३१ जनाको सहभागिता थियो ।

हालसम्म रानी सामुदायिक वनको राष्ट्रिय र अन्तर्राष्ट्रियसमेत गरी पाँचसय ८१ वटा टोलीद्वारा अवलोकन गरिसकेको समूहले जनाएको छ । यो सामुदायिक वनले २०५७ सालमा सर्वमान्य गणेशमान सिह वन संरक्षण प्रथम पुरस्कारलगायत धेरै पुरस्कार प्राप्त गरिसकेको छ ।

लोपोन्मुख सालकको संरक्षण गरी वन्यजन्तुको क्षेत्रमा समेत काम गरिरहेको यो समूहले सालकको बासस्थान संरक्षण गरी सालकलाई बचाउन जनचेतनामूलक कार्यक्रमसमेत गर्दै आएको समूह अध्यक्ष धितालले बताए ।

# बक्यौता तलब भत्ता क्रमिक रूपमा भुक्तानी गर्ने सहमति



साझाकुरा संवाददाता

हेटौंडा, ९ जेठ/ हेटौंडा सिमेन्ट उद्योगले कर्मचारी तथा कामदारहरूको बक्यौता तलब भत्ता क्रमिकरूपमा भुक्तानी गर्ने सहमति गरेको छ ।

उद्योग व्यवस्थापन र कर्मचारीबीच जेठ ८ गते भएको सहमतिअनुसार उद्योगमा मौज्दात क्लिंकरबाट उत्पादन हुने सिमेन्ट बिक्रीबाट प्राप्त रकममार्फत् बक्यौता रकम भुक्तानी गरिने भएको हो । उद्योगले जारी गरेको सूचनाअनुसार विगत ११ महिनादेखि तलब भत्ता, अतिरिक्त समय कार्य भत्तालगायत आर्थिक सुविधा उपलब्ध गराउन नसकिएको अवस्थामा कर्मचारीहरूसँग सहमति गरिएको जनाएको छ । सहमतिअनुसार २०८२ चैत र २०८३ वैशाख महिनामा अतिरिक्त समय काम गरेवापतको रकमसँगै एक महिनाको तलब भत्ता भुक्तानी गरिनेछ ।

यस्तै, २०८१ मंसिरदेखि २०८२ फागुनसम्मको अतिरिक्त समय कार्य वापतको रकम पनि भुक्तानी गरिने उद्योगले जनाएको छ । त्यसैगरी, सम्पूर्ण कामदार, सुरक्षाकर्मी तथा कर्मचारीलाई थप एक महिनाको तलब भत्ता उपलब्ध गराइने उल्लेख छ । आर्थिक वर्ष २०८१/०८२ मा तलबबाट कट्टा गरिएको सञ्चय कोष, नागरिक लगानी कोष तथा अन्य शीर्षकका बाँकी रकमसमेत सम्बन्धित निकायमा भुक्तानी गरिने सहमतिपत्रमा जनाइएको छ ।

निमित्त महाप्रबन्धक शिव नारायण साहद्वारा जारी सूचनामा हालको असहज परिस्थितिमा पनि आ-आफ्नो शाखा तथा विभागबाट नियमितरूपमा काम सम्पादन गरी उद्योग सञ्चालनमा सहयोग गर्न सबै कर्मचारीसँग आग्रह गरिएको छ ।

उद्योगका मजदुर तथा कर्मचारी ११ महिनादेखि तलवविहीन छन् । मजदुरहरूको १८ महिनादेखि सञ्चय कोष, १५ महिनादेखि नागरिक लगानी कोष र एक वर्षदेखि कर (ट्याक्स रिटर्न) वापत तलबबाट कट्टा गरिएको रकमसमेत सम्बन्धित निकायमा जम्मा गरिएको छैन । उद्योगले विभिन्न सप्लायर्स, कर्मचारीलगायतलाई करिब एक अर्ब ३६ करोड रुपैयाँ भुक्तानी दिन बाँकी रहेको छ । हाल उद्योगमा ४ हजार ९ सय मेट्रिक टन क्लिन्कर मौज्दात रहेपनि कोइलाको अभावका कारण उद्योग वैशाख ३ गतेदेखि पूर्णरूपमा बन्द छ ।

# चाइना एफसीमा अनिलको नेतृत्व

साझाकुरा संवाददाता

हेटौंडा, ९ जेठ/ हेटौंडा उपमहानगरपालिका वडा नम्बर-१ स्थित चाइना एफसीले नयाँ कार्यसमिति गठन गरेको छ ।

वडा नम्बर-१ का वडा अध्यक्ष सविन न्यौपानेको प्रमुख आतिथ्यतामा सम्पन्न भेलाले अनिल पुरीको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको जनाएको छ ।

नवनिर्वाचित कार्यसमितिमा उपाध्यक्ष सञ्जिता लामा, सचिव विकल्प अर्याल, कोषाध्यक्ष मनिष भट्टराई तथा सह-सचिव किरण कार्की चयन भएका छन् । सदस्यहरुमा सक्षम गिरी, आयुष्मा अर्जेल, अन्जना बुढाथोकी, सन्देश घिमिरे, दीपेश कार्की र सागर पुरी चयन भएका छन् । क्लबका अध्यक्ष मुक्तिनाथ पुडासैनीको सभाध्यक्षतामा भएको भेलाले सर्वसम्मतिले नयाँ कार्यसमिति चयन गरेको हो ।

यसैबीच, चाइना एफसीले निकट भविष्यमा आफ्नो क्लबका पूर्वप्रशिक्षक स्वर्गीय सुवाष घिसिङको स्मृतिमा *'सुवाष घिसिङ स्मृति जिल्लास्तरीय खुला फुटबल प्रतियोगिता'* आयोजना गर्ने जानकारीसमेत दिएको छ ।

प्रतियोगितामार्फत् स्थानीय खेल प्रतिभाको पहिचान, खेलकुदप्रति युवाहरुको आकर्षण बृद्धि तथा सामुदायिक एकतालाई थप मजबुत बनाउने उद्देश्य रहेको क्लबले जनाएको छ ।

कार्यक्रमका प्रमुख अतिथि वडा अध्यक्ष न्यौपानेले हेटौंडा १ नम्बर वडाको आफ्नै खेलकुद मैदान निर्माण भइसकेकोले अब फुटबल, भलिबल तथा मार्सलआर्ट्स र एथलेटिक्सका खेलहरुलाई विस्तारै प्रबर्द्धन गर्दै लैजाने बताए ।

'अब युवाहरुलाई खेलकुदमा आकर्षित गर्न नसके कुलतमा फसेर समाज नै विकृतितर्फ जान्छ', अध्यक्ष न्यौपानेले समाज सुधारको पहिलो विन्दु नै खेलकुद भएको स्पष्ट पारे ।

# सवारी दुर्घटनामा एक जनाको मृत्यु

साझाकुरा संवाददाता

हेटौँडा, ९ जेठ/ मकवानपुरगढी गाउँपालिका-२ सिखरकटेरीस्थित कान्तिलोकपथ सडक खण्डमा सवारी दुर्घटनामा एक जनाको मृत्यु भएको छ ।

शनिबार दिउँसो काठमाडौं बाट वीरगञ्जतर्फ जाँदै गरेको बा.प्र.०१-००६ ख ९६११ नम्बरको खाली बसले घुम्तीमा विपरीत दिशाबाट आउँदै गरेको ना. ५९ प ३३४५ नम्बर स्कुटरलाई ठक्कर दिएको प्रहरीले जनाएको छ ।

दुर्घटनामा स्कुटर चालक मकवानपुरगढी गाउँपालिका-२ लामिडाँडा निवासी अन्दाजी ५५ वर्षीय दोर्जेरत्न योञ्जन गम्भीर घाइते भएका थिए । उनलाई बस चालकले नै तत्काल उपचारका लागि हेटौंडा अस्पताल पुऱ्याएका थिए । थप उपचारका लागि चुरेहिल अस्पताल सीएमसी मक्वानपुर लगिएकोमा उपचारकै क्रममा अपराह्न ४ बजे चिकित्सकले मृत घोषणा गरेका थिए ।

दुर्घटनापछि बस र बस चालक काभ्रेको चौरीदेउराली गाउँपालिका-२ निवासी ४१ वर्षीय शिवबहादुर चौलागाईंलाई जिल्ला प्रहरी कार्यालय मकवानपुरको नियन्त्रणमा लिइएको छ । स्कुटर इलाका प्रहरी कार्यालय मकवानपुर गढीको नियन्त्रणमा रहेको प्रहरीले जनाएको छ ।

दुर्घटनास्थल इलाका प्रहरी कार्यालय मकवानपुरगढीबाट करिब ५ किलोमिटर पश्चिममा पर्दछ । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# साईकल भिरबाट खस्दा दुई बालक घाइते

साझाकुरा संवाददाता

हेटौंडा, ९ जेठ/ हेटौंडा उपमहानगरपालिका-१२ भोर्ले क्षेत्रमा साईकल दुर्घटना हुँदा दुई जना बालक घाइते भएका छन् । घाइतेमध्ये एकको अवस्था गम्भीर रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ ।

शनिबार बिहान करिब ११:२५ बजे भोर्लेबाट रमनटारतर्फ जाँदै गरेको साईकल जंगलको भित्री सडक खण्डमा आफैं अनियन्त्रित भई करिब ३० देखि ३५ मिटर तल भिरमा खसेको थियो । दुर्घटनाको खबर प्राप्त हुनासाथ प्रहरी चौकी लेवट बसामाडीबाट प्रहरी टोली घटनास्थल पुगेको थियो ।


घटनास्थल पुग्दा स्थानीयवासीले घाइते बालकहरुलाई भिरबाट उद्धार गरी सडकसम्म ल्याइसकेको अवस्थामा फेला पारेको प्रहरीले जनाएको छ । घाइतेहरुलाई तत्काल उपचारका लागि अस्पताल पठाइएको थियो ।

दुर्घटनामा हेटौंडा-१२ भोर्लेका गंगाराम पाखिनका १२ वर्षीय छोरा साजन पाखिन घाइते भएका छन् । उनको टाउको, मुख तथा दुवै हातखुट्टामा चोट लागेको छ । हाल उनको हेटौंडा अस्पतालमा उपचार भइरहेको छ । प्रहरीका अनुसार उनको अवस्था मध्यम रहेको छ ।त्यसैगरी, सोही स्थानका कुमार थापामगरका १२ वर्षीय छोरा रोणित थापामगर गम्भीर घाइते भएका छन् । उनको टाउकोसहित शरीरका विभिन्न भागमा चोट लागेको छ । उनलाई उपचारका लागि सीएमसी चुरेहिल अस्पताल मकवानपुर लगिएको छ । प्रहरीका अनुसार उनी अर्धचेत अवस्थामा रहेका छन् ।

रोणितका आफन्तका अनुसार साईकल साजन पाखिनले चलाएका थिए भने रोणित पछाडि सवार रहेका थिए । दुर्घटनामा परेको साईकल प्रहरीले नियन्त्रणमा लिई प्रहरी चौकी लेवट बसामाडीमा राखेको बताइएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीको भनाई छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*






# कैलाशमा अभिभावक शिक्षा तथा सचेतना कार्यक्रम

साझाकुरा संवाददाता

हेटौंडा, ९ जेठ/ मकवानपुरको विकट कैलाश गाउँपालिकामा सञ्चालन गरिएको वृहत् अभिभावक शिक्षा तथा सचेतना कार्यक्रम सम्पन्न भएको छ ।

गाउँपालिकाले अभिभावकलाई लक्षित गर्दै पहिलोपटक नीति तथा कार्यक्रममै समेटेर सञ्चालन गरेको उक्त अभियान शनिबार वडा नम्बर-९ स्थित कालिका माध्यमिक विद्यालयमा समापन गरिएको हो ।

कार्यक्रम वडा नम्बर-९ का वडाध्यक्ष भुवनसिं घलानको अध्यक्षता तथा गाउँपालिका अध्यक्ष लोकबहादुर मुक्तानको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । यसअघि कार्यक्रम वडा नम्बर-२ मा रहेको कमलादेवी माध्यमिक विद्यालयबाट सुरु गरिएको थियो ।



समापन कार्यक्रममा बोल्दै गाउँपालिका अध्यक्ष मुक्तानले बालबालिकाको पहिलो पाठशाला घर भएकाले अभिभावकलाई शिक्षित र सचेत बनाउनु आवश्यक रहेको बताए । उनले शिक्षा नीतिअनुसार अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिएको उल्लेख गर्दै बालबालिकाको व्यवहार, सोच र सिकाइ सुधारका लागि अभिभावकको भूमिका अत्यन्त महत्वपूर्ण हुने बताए ।

उनले सामाजिक सञ्जालको बढ्दो प्रभावले विद्यार्थीमात्र नभई अभिभावकसमेत प्रभावित भइरहेको बताए । सामाजिक सञ्जालमा सकारात्मकभन्दा नकारात्मक सामग्री बढी पाइने भएकाले बालबालिकाको पठनपाठनमा असर परिरहेको उनको भनाइ थियो ।

'विद्यार्थी प्रविधिसँग जोडिनु राम्रो कुरा हो, तर अत्यधिक मोबाइल प्रयोगले पढाइमा समस्या सिर्जना गरिरहेको छ,' उनले भने, 'विद्यालयमा शिक्षकले सिकाउने काम गर्छन् भने घरमा अभिभावकले अध्ययनको वातावरण बनाइदिनुपर्छ ।'

वडाध्यक्ष घलानले बालबालिकालाई असल संस्कार र सही संगत दिन अभिभावकको भूमिका महत्वपूर्ण हुने बताए । उनले विद्यालय जाने बहानामा केही बालबालिका बाटोमै तास खेल्ने, खोलामा गएर समय बिताउने जस्ता गतिविधिमा संलग्न हुने गरेको उल्लेख गर्दै त्यसतर्फ शिक्षक र अभिभावक दुबैले ध्यान दिनुपर्ने बताए ।

उनले मोबाइलको अत्यधिक प्रयोग पनि लतकै रूपमा विकसित भइरहेको उल्लेख गरे । 'लत भनेको चुरोट, सुर्ती वा गाँजामात्र होइन, मोबाइल पनि लत बन्न सक्छ', उनले भने । बालबालिकाको स्वास्थ्य, शिक्षा र भविष्य निर्माणमा अभिभावकको जिम्मेवारी सबैभन्दा महत्वपूर्ण हुने उनको भनाइ थियो ।

कार्यक्रममा मुख्य प्रशिक्षक अभिषेक घिमिरेले अभिभावक शिक्षा तथा सामाजिक सचेतनासम्बन्धी कार्यपत्र प्रस्तुत गर्दै प्रशिक्षण दिएका थिए । शनिबार नै वडा नम्बर-१० स्थित शान्ति सृजना आधारभूत विद्यालयमा पनि कार्यक्रम आयोजना गरिएको थियो । उक्त कार्यक्रम वडा नम्बर-१० का वडाध्यक्ष सूर्यबहादुर ब्लोनको अध्यक्षतामा सम्पन्न भएको थियो ।

तीन दिनसम्म सञ्चालन भएको कार्यक्रममा बालबालिका सम्बन्धी जनचेतनामूलक गतिविधि, अभिभावक शिक्षा, सामाजिक सचेतना तथा सरोकारवालाबीच अन्तरक्रिया गरिएको शिक्षा शाखा प्रमुख समीर जोशीले जानकारी दिए । उनका अनुसार विद्यार्थीको व्यवहार सुधार, सिकाइ क्षमता अभिवृद्धि, घर-विद्यालय समन्वय सुदृढीकरण तथा समुदायमा सकारात्मक परिवर्तन ल्याउनु कार्यक्रमको मुख्य उद्देश्य रहेको थियो ।

कार्यक्रममा गाउँपालिकाका वरिष्ठ लेखा अधिकृत टीकाराम अधिकारी, कालिका माध्यमिक विद्यालयका प्रधानाध्यापक रामप्रसाद कालाखेती, स्रोत शिक्षक ध्रुवराज विष्ट, शान्ति सृजना विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कमल अर्याल, प्रधानाध्यापक हिराकुमारी मोक्तान लगायतको सहभागिता थियो ।

तीन दिनसम्म सञ्चालन भएको कार्यक्रममा करिब एक हजार भन्दा बढी अभिभावकको सहभागिता रहेको गाउँपालिकाले जनाएको छ ।

# जनता माविमा विज्ञान प्रदर्शनी



साझाकुरा संवाददाता

हेटौंडा, ९ जेठ/ बागमती गाउँपालिका-८, फापरबारीस्थित जनता माध्यमिक विद्यालयमा विज्ञान प्रदर्शनी कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रमले विद्यार्थीहरूको प्रयोगात्मक ज्ञान, सीप र सिर्जनशीलता उजागर गरेको छ ।

प्रदर्शनीको अवलोकन गाउँपालिकाका अध्यक्ष सर्केश घलान, प्रमुख प्रशासकीय अधिकृत ओमबहादुर दर्जी, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष शेरबहादुर राना 'क्षितिज' लगायतले गरेका थिए । अवलोकनका क्रममा उनीहरूले विद्यार्थीहरूले तयार पारेका विभिन्न वैज्ञानिक सामग्री तथा परियोजनाहरूको अवलोकन गर्दै प्रशंसा व्यक्त गरेका थिए ।

कार्यक्रममा विज्ञान तथा प्रविधिसँग सम्बन्धित विविध सामग्रीहरूको प्रदर्शन गरिएको थियो । विद्यार्थीहरूले आफ्ना परियोजना मार्फत् विभिन्न वैज्ञानिक सिद्धान्त र तिनको व्यवहारिक प्रयोगबारे जानकारी दिएका थिए । प्रदर्शनीमा बागमती गाउँपालिका तथा बकैया गाउँपालिकास्थित बुद्ध माध्यमिक विद्यालयका विद्यार्थीहरूको समेत सहभागिता थियो ।

विद्यालयका विज्ञान शिक्षक दिवश सुवेदी र निराश गौतमको समन्वयमा आयोजना गरिएको उक्त कार्यक्रमले विद्यार्थीहरूमा व्यवहारिक सिकाइप्रति रुचि बढाउनुका साथै नवप्रवर्तन क्षमताको विकासमा टेवा पुऱ्याउने विश्वास गरिएको छ । पछिल्लो समय जनता माध्यमिक विद्यालयले व्यवस्थापन सुधार, विद्यार्थी अनुशासन र शैक्षिक गुणस्तर अभिवृद्धिमा उल्लेखनीय प्रगति हासिल गर्दै आएको छ ।

यसैवर्ष विद्यालयकी छात्रा युमी सिन्तानले ३.८८ जीपीए सहित ए प्लस प्राप्त गरी विद्यालयको प्रतिष्ठा थप उँचो बनाएकी छिन् । विद्यालयको यस उपलब्धिको श्रेय विद्यालय प्रशासन, व्यवस्थापन समिति, शिक्षक तथा अभिभावकबीचको प्रभावकारी समन्वयलाई जाने विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रानाले बताएका छन् ।

यसै शैक्षिक वर्षदेखि विद्यालयसँगै बागमती फुटबल एकेडेमी सञ्चालनमा आएको छ, जसले विद्यार्थीहरूलाई अध्ययनसँगै खेलकुद क्षेत्रमा पनि प्रोत्साहन मिल्ने अपेक्षा गरिएको छ । बागमती गाउँपालिकाले शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधार तथा खेलकुद क्षेत्रलाई समान प्राथमिकताका साथ अघि बढाउँदै आएको देखिएको छ ।

## मकवानपुर बचत तथा ऋण सहकारी संस्था लि.

हेटौंडा-४, मकवानपुर

### ऋणी सदस्यहरूको धितो लिलाम बिक्री सम्बन्धी ३५ दिने सूचना !

*प्रथम पटक प्रकाशित मिति : २०८३/०२/१०*

यस संस्थावाट विभिन्न उद्देस्यका लागी चलअचल सम्पत्ति धितो राखी कर्जा लिनु भएका तपसीलका ऋण सदस्यहरुले कर्जा साँवा व्याज तथा अन्य दस्तुर समेतको रकम भाखा (म्याद) भित्र नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त वन्देज उल्लंघन गरेको र बारम्बार संस्थाबाट कर्जा चुक्ता गर्न ताकेता तथा व्यक्तिगत सम्पर्क गर्दा समेत सम्पर्कमा नआएको हुँदा सस्थाबाट मिति २०८२/१२/१७ गते ३५ दिने र मिति २०८३/०१/२६ गते दोस्रो पटक १५ दिने सूचना प्रकाशित गर्दा पनि ऋणीबाट कर्जाको सावा व्याज भुक्तानी नभएको र ऋणि कर्जा चुक्ता गर्न कुनै चासो नदेखाई अटेल गरी बसेकोले यो ३५ दिने धितो लिलाम बिक्री सूचना प्रकाशित गरिएको छ । सो अवधी भित्र पनि कर्जा वाला तथा सरोकारवालाले व्यक्तिगत बुझाउनु पर्ने रकम संस्थामा नबुझाएमा संस्थासंग भएको शर्त कबुलियत र लिखित बमोजिम सहकारी ऐन २०४८ को दफा ३९ र सहकारी नियमावली २०४९ को नियम २५ ले दिएको अधिकार प्रयोग गरी यो सूचना प्रकाशित भएको ३६ औं दिनमा उल्लेखीत अचल सम्पत्ति जे जस्तो अवस्थामा छ, सोही अवस्थामा तल उल्लेखित मिति, समय स्थानमा लिलाम बढाबढ बिक्री गरिने हुँदा सो धितो खरिद सकार गरीलिन सर्वसाधरणलाई समेत यो सूचनाद्वारा जनाकारी गराइन्छ ।

**तपशिल**

| क्र. सं. | कर्जा नं. | ऋणीको नाम थर ठेगाना | धितो जमानी दिने नाम/ठेगाना | धितोको विवरण |
|---|---|---|---|---|
| १. | ब्यापार कर्जा ७१/८६१६/३ | **नाम** : हरि प्रसाद भण्डारी<br>बाबुको नाम : देवीप्रसाद भण्डारी<br>बाजेको नाम : बलभद्र भण्डारी<br>ना.प्र.प.नं. ८५२४९७६ गुल्मी<br>ठेगाना: साविक गुल्मी हंगा-७<br>हाल हेटौंडा-९ | **नाम** : सिता सुवेदी (भण्डारी)<br>बाबुको नाम : शिवलाल सुवेदी<br>पतिको नाम : हरिप्रसाद भण्डारी<br>ना.प्र.प.नं. ४१/१०१८/९६००७<br>ठेगाना: साविक गुल्मी हंगा-७<br>हाल: हेटौंडा-९ | सिता (सुवेदी) भण्डारीको नाममा दर्ता रहेको जि.म. हे.उ.म.न.पा. वडा नं. ९ को कि.नं. ९६०१ को क्षेत्रफल ०-०-७ धुर जग्गा । |
| २. | ब्यापार कर्जा ७१/९३३४/९ | **नाम** : कृष्ण बहादुर घिसिङ<br>बाबुको नाम : मान बहादुर घिसिङ<br>बाजेको नाम : हस्त बहादुर घिसिङ<br>ना.प्र.प.नं. ४२/४७० मकवानपुर<br>ठेगाना: साविक नामटार-६,<br>हाल हेटौंडा-२ | | निजको नाममा दर्ता भई जिल्ला मकवानपुर नामटार वडा नं. ४ को कि.नं. १४२३ को क्षेत्रफल ०-१०-२-२ रोपनी जग्गा । |
| ३. | ब्यापार कर्जा ७१/९४८०/७ | **नाम** : विष्णु प्रसाद ढकाल<br>बाबुको नाम : बद्री प्रसाद ढकाल<br>बाजेको नाम: यज्ञ प्रसाद ढकाल<br>ना.प्र.प.नं. ३१/२१६<br>ठेगाना: हेटौंडा-५ | **नाम** : डिल कुमारी अर्याल<br>बाबुको नाम : ओम प्रसाद अर्याल<br>श्रीमान: विष्णु प्रसाद ढकाल<br>ना.प्र.प.नं. ४/१७८ धादिङ<br>ठेगाना: हेटौंडा-५ | निज विष्णु प्रसाद ढकाल र डिल कुमारी अर्यालको संयुक्त नाममा दर्ता रहेको जि.म. हे.उ.म.न.पा. वडा नं. ११ को कि.नं. ११३६१ को क्षेत्रफल ०-०-११.५० धुर जग्गा । |

**लिलाम हुने मिति:** २०८३/०३/१४ गते विहान १०:०० बजेदेखि
**स्थान:** मकवानपुर बचत तथा ऋण सहकारी संस्था लि. हेटौंडा-४। स्कूलरोड स्थित आफ्नै भवनमा
**नोट:** यस संस्थाबाट कर्जा भाखा (म्याद) नाघेको अन्ड ऋणीहरुले पनि संस्थामा आई सम्पर्क राखी कर्जा चुक्ता गर्नुहोला । अन्यथा क्रमश सार्वजनिक सूचना प्रकाशित गरिनेछ ।

# मयुरधाप औद्योगिक क्षेत्रको जग्गा विवाद....

बन्द भएको सुती कपडा उत्पादन गर्ने उद्योग सञ्चालन गर्ने पछिल्ला सरकारहरुको प्राथमिकता पर्दै आए पनि सरकारका प्रयास असफल हुँदै आएको छ । उद्योगमा रहेको धागो बनाउने र र झ्याउने उपकरण खिया लागेर कामै नलाग्ने अवस्थामा छन् । धागो बनाउने लुमसम्म प्रयोगमा आउने अवस्थामा छैनन् ।

तत्कालीलन अवस्थामा उद्योगमा ११ सयभन्दा बढीले रोजगारी पाएका थिए । २०३२ सालमा स्थापना भएको उद्योगले २०३५ सालमा निर्माण सम्पन्न भएर हस्तान्तरणपछि व्यावसायिक उत्पादन थालेको थियो ।

२०३८ सालबाट उद्योगले उत्पादन क्षमता बढाएको थियो । दैनिक एक सिफ्टमा संचालन भइरहेको हेटौंडा कपडा उद्योगले उत्पादन क्षमता बढाएर २०३८ सालबाट दैनिक दुई सिफ्ट सञ्चालन ल्याएको थियो । त्यसलगत्तै उद्योगले पुन: आफ्नो उत्पादन क्षमतामा बिस्तार गरी दैनिक ३ सिफ्टमा उद्योग संचालन गरेको थियो ।

दुई सिफ्ट संचालन गरेको ठिक एक वर्षपछि अर्थात् २०३९ वैशाखबाट उद्योगको उत्पादन क्षमता विस्तार गरी दैनिक ३ सिफ्टमा उद्योग सञ्चालनमा ल्याइएको थियो । तत्कालीन समयमा ३ सिफ्टमा पूर्ण क्षमतामा उद्योग संचालन गर्दै उद्योगले वार्षिक १ करोड १० लाख मिटर कोरा कपडा, २ सय ५० मेट्रिक टन सुती कपडा र २ सय ५० मेट्रिक टन बुट्टेदार र सेता कपडा उत्पादन गर्ने गरेको थियो ।

उद्योगमा कार्यरत् कर्मचारीका छोराछोरीको अध्ययनका लागि उद्योग परिसरभित्रै हेटेक्स स्कुल पनि संचालनमा ल्याइएको थियो । उद्योग स्थापनादेखि नाफामा रहेको हेटौंडा कपडा उद्योग २०५४ सालदेखि भने एकाएक समस्या देखापरेको थियो । करिव १९ वर्षसम्म बिना घाटा चलेको हेटौंडा कपडा उद्योग आर्थिक वर्ष २०५४/०५५ बाट भने घाटा व्यहोर्न बाध्य बनेको थियो ।

राजनीतिक नियुक्ति, सरकार परिवर्तन पछिको हस्तक्षेप र कर्मचारी आन्दोलनको प्रत्यक्ष असरका कारण हेटौंडा कपडा उद्योगमा समस्या उत्पन्न भएको तत्कालीन समयमा उद्योगमा कार्यरत् कर्मचारीहरु बताउँछन् । बन्द अवस्थाको कपडा उद्योगको हालको संरचना १६५ रोपनी क्षेत्रफल रहेको छ ।

हाल हेटौंडा कपडा उद्योग औधोगिक क्षेत्र व्यवस्थापन लिमिटेडको स्वामित्वमा रहेको छ भने उद्योगको सुरक्षाका लागि सशस्त्र प्रहरी बलको क्याम्प खडा गरिएको छ ।

**"मयुरधाप औद्योगिक क्षेत्रको जग्गा विवाद समाधान गर्न सरकार प्रतिबद्ध"**

बहुप्रतिक्षित मयुरधाप औद्योगिक क्षेत्र अब लामो समयदेखिको जग्गा विवाद अन्त्यसँगै सञ्चालनमा आउने संकेत देखिएको छ । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरी कुमारी यादवले मयुरधाप औद्योगिक क्षेत्रको विवाद समाधान गरी तत्काल सञ्चालन प्रक्रिया अघि बढाइने स्पष्ट निर्देशन दिएकी छन् ।

मन्त्री यादवले औद्योगिक क्षेत्रको स्थलगत तथा प्रशासनिक अवस्थाबारे जानकारी लिँदै वर्षौंदेखि अल्झिएको जग्गा विवादका कारण उद्योग स्थापना प्रक्रिया प्रभावित भएको बताइन् । उनले स्थानीय सरोकारवाला, प्रशासन र सम्बन्धित निकायसँग समन्वय गरेर समस्या समाधान गर्न सरकार प्रतिबद्ध रहेको उल्लेख गरिन् ।

उनका अनुसार औद्योगिक क्षेत्र सञ्चालनमा आएपछि बागमती प्रदेशमा रोजगारी सिर्जना, स्थानीय उत्पादन वृद्धि तथा औद्योगिक लगानी आकर्षित हुने अपेक्षा गरिएको छ । लामो समयदेखि अलपत्र अवस्थामा रहेको परियोजनालाई गति दिन मन्त्रालयले विशेष पहल थालेको पनि उनले जानकारी दिइन्।

स्थानीय उद्योगी व्यवसायीहरूले समेत मयुरधाप औद्योगिक क्षेत्र सञ्चालनमा आए मधेशको आर्थिक गतिविधिमा ठूलो परिवर्तन आउने विश्वास व्यक्त गरेका छन् । उनीहरूले सरकारले अब घोषणा मात्रै नभई व्यवहारिक रूपमा काम अघि बढाउनुपर्नेमा जोड दिएका छन् ।

मयुरधाप औद्योगिक क्षेत्रलाई प्रदेशकै महत्वपूर्ण औद्योगिक हबका रूपमा हेरिँदै आएको भए पनि जग्गा विवाद र प्रशासनिक जटिलताका कारण योजना वर्षौंदेखि रोकिएको थियो । अब भने सरकारको सक्रियतासँगै परियोजनाले नयाँ गति लिने अपेक्षा गरिएको छ ।

"सफा ट्यांकी, स्वस्थ जिन्दगी"

तपाईको पानी ट्यांकी कत्तिको सुरक्षित छ ?

कहिले याद गर्नु भएको छ ? बाहिरबाट स्वस्थ र सफा देखिए पनि ट्यांकी भित्र धुलो, हिलो, लेउ र किटाणुको भण्डार भई दुषित त छैन ?

याद गर्नुहोस् है

हामीले दुषित पानीबाट ब्रस वा मुख धुने, नुहाउने, खाना पकाउने, पिउने जस्ता कार्यहरु गरिरहेका छौं भने, प्राय रोगहरु दुक्षित पानीका कारण स्वास्थ्यमा धेरै समस्य देखा पर्न सक्दछ ।

- डायरिया
- कालो झाडा
- टाइफाइट
- हेपाटाइटिस ए
- स्किन यन्फेक्सन,

साथै अन्य जलजन्य रोगहरु लाग्न सक्दछ ।



अब तपाईको घरदैलोमा सस्तो र भरपर्दा सफाई सेवा लिएर आएका छौ, अत्याधुनिक प्रविधि उपकरणबाट सफाई गर्छौं । अब ढिला नगरौं आजै आफ्नो ट्यांकी सफा गरी आफ्नो र परिवारको स्वास्थ्य जोगाउनुहोस् ।

छत/भूमिगत पानी ट्यांकी सफाई सेवा

थप जानकारीको लागि

इनर्जेटिक सर्भिसिज प्रा.लि.

९८२७२८३०३०, ९७६१७१९६९९, ९८५५०६७१११










साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना